*SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal*
*Vol. 1, 2024, 115-129*
*DOI: https://doi.org/10.69476/sdpr.2024.v01i01.011*
*Review Article*

# विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्ति : पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति

**गोविन्द प्रसाद मैनाली**
विद्यावारिधी अनुसन्धानरत, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, नेपाल

## ARTICLE INFO

***Corresponding Author***
**Govinda Prasad Mainali**

***Email***
mainaligovindaprasad@gmail.com

***Article History***
*Received: 15 March 2024*
*Accepted: 02 April 2024*

***Orcid***
*https://orcid.org/0009-0003-7803-3283*

***Cite***
Mainali, G. P. (2024). विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्तिः पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति। *SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal, 1*(1), 115-129. *https://doi.org/10.5281/zenodo.11063552*

## ABSTRACT लेखसार

यस आलेखमा पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्तिको अध्ययन गरिएको छ। १८ मार्च, १८७१ मा स्थापित पेरिस कम्युन र २३ अक्टोबर, १९१७ मा भएको रूसको अक्टोबर समाजवादी क्रान्तिलाई प्रमुख आधार मानि यस आलेखको अध्ययन गरिएको छ। आलेखमा पेरिसका सर्वसाधारण जनता र क्रान्तिकारी मजदुर तथा सर्वहारावर्गले विद्रोह गरी १८ मार्च, १८७१ का दिन स्थापना गरेका पेरिस कम्युनलाई विश्व समाजवादी क्रान्तिको इतिहासमा पहिलो समाजवादी क्रान्ति हो भनी अध्ययन गरिएको छ भने लेनिनले क्रान्तिकारी मार्क्सवादी धाराको बाटो समाति २३ अक्टोबर, १९१७ का दिन रूसमा समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादी गणतन्त्र स्थापना गरेका अक्टोबर समाजवादी क्रान्तिलाई विश्व समाजवादी क्रान्तिको इतिहासमा दोश्रो समाजवादी क्रान्ति हो भनी अध्ययन गरिएको छ। यी दुवै क्रान्ति सन् १८४८ मा मार्क्स र एंगेल्सले कम्युनिस्ट लिगका निम्ति कम्युनिस्ट घोषणापत्र लेखि वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव गराएपछि भएको थियो। विश्व समाजवादी आन्दोलन र क्रान्तिको इतिहासमा यी समाजवादी क्रान्ति स्वर्णिम अक्षरले लेखिएका छन्। यी दुई समाजवादी क्रान्ति पश्चात् विश्व राजनीतिको कोर्स नै परिवर्तन भएको थियो। यस आलेख आगनात्मक विधिको प्रयोग गरी अध्ययन गरिएको छ। विश्व समाजवादलाई आन्दोलन र क्रान्तिको इतिहासमा पेरिस कम्युनको स्थापना र अक्टोबर समाजवादी क्रान्ति कसरी सम्पन्न भएको थियो भनी अध्ययन गर्नु यस आलेखको प्रमुख उद्देश्य हो । यस आलेखको अध्ययनले विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्ति पेरिस कम्युन र अक्टोबर क्रान्तिलाई राम्रोसँग बुझ्न सकिन्छ ।

**शब्दकुञ्जी** : पेरिस कम्युन, अक्टोबर समाजवादी क्रान्ति, वैज्ञानिक समाजवाद, सर्वहारा तथा मजदुर वर्ग, बोल्सेभिक पार्टी, बुर्जुवा पुँजीवादी गणतन्त्र, सोभियत, क्रान्तिकारी मार्क्सवादी धारा, विसर्जनवादी, अवसरवादी ।

## विषय प्रवेश

मार्क्स र एंगेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र लेखी समाजवादी राजनीतिक तथा आर्थिक कार्यक्रम ल्याएपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव भएको थियो (Barry, 2005 : 17)। मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्र लेखेपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव भएको थियो । वैज्ञानिक समाजवादी चिन्तनको मूल सिद्धान्त "हरेकले क्षमता अनुसारको काम र काम अनुसारको पारिश्रमिकता प्राप्त गर्नु" हो (Gilabert, 2015 : 197) । वैज्ञानिक समाजवादी चिन्तनको मूल सिद्धान्त "हरेकले क्षमता अनुसारको काम र काम अनुसारको पारिश्रमिकता प्राप्त गर्नु" हो। यही सिद्धान्तको जगको आधारमा मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव


*Copyright (c) 2024: Author(s). Published by Sudur Paschimanchal Campus (SPC), Kailali, Nepal*

गराएका थिए। वैज्ञानिक समाजवादी चिन्तनको दार्शनिक आधार मार्क्सवाद हो । मार्क्सवादी दर्शनको प्रतिपादन कार्ल मार्क्सले गरेका थिए । उनले राजनीतिशास्त्रमा 'सर्वहारावर्गको अधिनाकत्वको सिद्धान्त', समाजशास्त्रमा 'वर्ग सङ्घर्षको सिद्धान्त', अर्थशास्त्रमा 'वैज्ञानिक सामजवाद र साम्यवादको सिद्धान्त' र दर्शनशास्त्रमा 'द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादको सिद्धान्त' प्रतिपादन गरेपछि उनकै नाममा विश्व राजनीतिमा मार्क्सवादी दर्शनको नामाकरण भएको थियो (Pipes, 2003 : 66) । यस अध्ययनले मार्क्सवादी दर्शनको उद्‌भव र विकास कार्ल मार्क्सले गरेका थिए भन्ने प्रमाणित हुन्छ । मार्क्स र एंगेल्सले डिसेम्बर, १८४७ देखि जनवरी, १८४८ सम्म दुई महिना लगाएर कम्युनिस्ट घोषणापत्र तयार पारेका थिए र उक्त घोषणापत्र फरबरी, १८४८ मा प्रकाशित भएको थियो (Service, 2007 : 29) । मात्र दुई महिना लगाएर मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्र तयार पारेका थिए। उक्त घोषणापत्र प्रकाशित भएपछि विश्वका सर्वहारा तथा मजदुर वर्ग आन्दोलित, उद्धेलित भई विश्व समाजवादी आन्दोलन र क्रान्तिका लागि लामवद्ध भएका थिए। जसको फलस्वरूप पेरिस कम्युनको स्थापना र अक्टोबर समाजवादी क्रान्ति भएको थियो । यस आलेखमा यिनै दुई समाजवादी क्रान्तिको बारेमा अध्ययन गरिएको छ।

यस आलेखमा पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्तिको अध्ययन गरिएको छ। १८ मार्च, १८७१ मा स्थापित पेरिस कम्युन र २३ अक्टोबर, १९१७ मा भएको रूसको अक्टोबर समाजवादी क्रान्तिलाई प्रमुख आधार मानि यस आलेखको अध्ययन गरिएको छ। आलेखमा पेरिसका सर्वसाधारण जनता र क्रान्तिकारी मजदुर तथा सर्वहारावर्गले विद्रोह गरी १८ मार्च, १८७१ का दिन स्थापना गरेका पेरिस कम्युनलाई विश्व समाजवादी क्रान्तिको इतिहासमा पहिलो समाजवादी क्रान्ति हो भनी अध्ययन गरिएको छ भने लेनिनले क्रान्तिकारी मार्क्सवादी धाराको बाटो समाति २३ अक्टोबर, १९१७ का दिन रूसमा समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादी गणतन्त्र स्थापना गरेका अक्टोबर समाजवादी क्रान्तिलाई विश्व समाजवादी क्रान्तिको इतिहासमा दोश्रो समाजवादी क्रान्ति हो भनी अध्ययन गरिएको छ। यी दुवै क्रान्ति सन् १८४८ मा मार्क्स र एंगेल्सले कम्युनिस्ट लिगका निम्ति कम्युनिस्ट घोषणापत्र लेखि वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव गराएपछि भएको थियो । विश्व समाजवादी आन्दोलन र क्रान्तिको इतिहासमा यी समाजवादी क्रान्ति स्वर्णिम अक्षरले लेखिएका छन्। यी दुई समाजवादी क्रान्ति पश्चात् विश्व राजनीतिको कोर्श नै परिवर्तन भएको थियो। यस आलेख आगनात्मक विधिको प्रयोग गरी अध्ययन गरिएको छ। विश्व समाजवादी आन्दोलन र क्रान्तिको इतिहासमा पेरिस कम्युनको स्थापना र अक्टोबर समाजवादी क्रान्ति कसरी सम्पन्न भएको थियो भनी अध्ययन गर्नु यस आलेखको प्रमुख उद्देश्य हो। यस आलेखको अध्ययनले विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्ति पेरिस कम्युन र अक्टोबर क्रान्तिलाई राम्रोसँग बुझ्न सकिन्छ।

यस आलेखमा विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्ति : पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्तिको बारेमा अध्ययन गरिएको छ । विश्व राजनीतिक इतिहासमा दर्ज भएको र समाजवादी क्रान्तिको इतिहासमा लेखिएको दुइ क्रान्तिको नाम हो, पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति । पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्तिले विश्वका सर्वहारा तथा मजदुरवर्गहरूमा वुर्जुवा पुँजीवादी राज्यसत्तालाई ध्वस्त पार्दै सर्वहारा तथा मजदुरवर्गको राज्यसत्ता समाजवादी राजनीतिक व्यवस्थाको स्थापना गर्न सकिन्छ भन्ने आशाको किरण र साहस जगाएको थियो। यी दुई क्रान्तिले विश्व राजनीतिमा नयाँ कोर्स थपेको थियो र विश्वभर सर्वहारा तथा मजदुर वर्गको राजनीतिक पार्टी समाजवादी पार्टीहरूको निर्माण कार्य सुरू भएको थियो। यी क्रान्तिपछि निर्माण भएका सर्वहारा तथा मजदुर वर्गको समाजवादी पार्टीहरूले विश्वभर नै समाजवादी क्रान्तिको लहर ल्याएका थिए। विश्व राजनीतिमा नयाँ विचार, नयाँ आयाम र नयाँ राजनीतिक व्यवस्थाको निर्माणमा यी दुई क्रान्तिले महत्वपूर्ण भूमिका खेलेका थिए।

यस आलेखमा विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुइ क्रान्ति : पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति कहिले भएको थियो भनि अध्ययन गरिएको छ। विश्व राजनीतिक व्यवस्थामा नयाँ समाजवादी राजनीतिक व्यवस्थाको निर्माण र प्रयोग गर्ने यी दुई क्रान्ति पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति १८ मार्च, १८७१ र २३ अक्टोबर, १९१७ मा भएको थियो। यी दुई क्रान्तिले समाजवादी क्रान्ति गरी समाजवादी राजनीतिक व्यवस्थाको निर्माण, प्रयोग र अभ्यास गरिसकेपछि विश्वका सर्वहारा तथा मजदुर वर्गहरूले आफ्नो हक र हित संरक्षण गर्नका निम्ति तथा वुर्जुवा पुँजीवादी राज्यसत्ता

कब्जा गरी समाजवादी राज्यसत्ता स्थापनाका निम्ति समाजवादी पार्टीहरूको निर्माण गरी विश्वमा समाजवादी क्रान्तिको लहर ल्याएका थिए। यी दुई क्रान्तिपछि विश्व राजनीति नै दुई ध्रुवमा विभक्त भएको थियो। समाजवादी ध्रुवको नेतृत्व सोभियत युनियन रूसले गरेको थियो भने पुँजीवादी ध्रुवको नेतृत्व संयुक्त राज्य अमेरिकाले गरेको थियो । करिब ९० को दशकमा सोभियत युनियनको विघटन भएपछि उसले नेतृत्व गरेको समाजवादी ध्रुव कमजोर भयो भने संयुक्त राज्य अमेरिकाले नेतृत्व गरेको पुँजीवादी ध्रुव बलियो भए पनि आजसम्म आइपुग्दा विश्व राजनीति बहुध्रुवमा विभक्त हुन पुगेको छ।

## समस्या कथन

विश्व राजनीतिको इतिहासमा स्वर्णिम अक्षरले लेखिएको समाजवादी क्रान्ति पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति कसरी विश्व समाजवादी क्रान्तिको इतिहासम स्वर्णिम अक्षरले लेखियो र विश्व समाजवादी आन्दोलन र क्रान्तिको इतिहासमा लिखित दुई क्रान्तिको रूपमा दर्ज भयो भनी अध्ययन अनुसन्धान नभएको हुँदा यसै अध्ययन अनुसन्धानको रिक्ततालाई परिपूर्ति गर्न यस आलेखको अध्ययन गरिएको हो। यस आलेखको अध्ययन गर्न निम्न अनुसन्धनात्मक प्रश्नको निर्माण गरिएको छ :

- समाजवाद र समाजवादी क्रान्ति भनेको के हो ?
- पेरिस कम्युनको स्थापना र अक्टोबर समाजवादी क्रान्ति कसरी सम्पन्न भयो ?
- पेरिस कम्युनको स्थापना र अक्टोबर समाजवादी क्रान्तिलाई समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्तिको रूपमा किन अध्ययन गरिन्छ ?

## अध्ययनको उद्देश्य

यस आलेखको उद्देश्य निम्न छन् :

- समाजवाद र समाजवादी क्रान्तिको बारेमा अध्ययन गर्नु।
- पेरिस कम्युनको स्थापना र अक्टोबर समाजवादी क्रान्ति कसरी सम्पन्न भयो भनी अध्ययन गर्नु।
- पेरिस कम्युनको स्थापना र अक्टोबर समाजवादी क्रान्तिलाई समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्तिको रूपमा अध्ययन गर्नु।

## अनुसन्धान विधि

यस आलेखको अध्ययन विधि आगनात्मक विधि (Inductive method) हो। यस आलेख ऐतिहासिक ढाँचा (Historical Research Design) र वर्णनात्मक ढाँचा (Descriptive Research Design) मा अध्ययन गरिएको छ। यस आलेखको अध्ययन व्याख्यावादमा आधारित भएर गरिएको छ। यस आलेखको अध्ययन गर्दा गुणात्मक विश्लेषण विधि (Qualitative Data Analysis) अपनाइएको छ। यस आलेखको अध्ययन गर्दा सहायक स्रोतका आधारमा सामाग्री जुटाइएको छ। उक्त सामाग्रीलाई विश्लेषण गर्न गुणात्मक विश्लेषण विधि अपनाईएको छ। यस आलेखको अध्ययन गर्ने क्रममा मार्क्सवादी पुस्तकहरू, विश्व समाजवादी आन्दोलन र क्रान्तिसम्बन्धी लेखिएका पुस्तकहरूलाई प्रमुख आधार मानि अध्ययन गरिएको छ।

## सैद्धान्तिक आधार

यस आलेखको दार्शनिक आधार मार्क्सवाद हो। सैद्धान्तिक आधार वैज्ञानिक समाजवाद हो। यस आलेख मजदुर तथा सर्वहारावर्गको राजनीतिक मुक्तिको संघर्षको सिद्धान्तको आधारमा, पेरिस कम्युनको सिद्धान्तको आधारमा, क्रान्तिकारी मार्क्सवादी सिद्धान्तको आधारमा, वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको सिद्धान्तको आधारमा,, सोभियत युनियनको सिद्धान्तको आधारमा र सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्तको आधारमा अध्ययन गरिएको छ।

## अर्थ र परिभाषा

यस आलेखमा अध्ययन गरिएको विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्ति : पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्तिलाइ विभिन्न ढंगले अर्थ्याउने, परिभाषित गर्ने र व्याख्या, विश्लेषण गर्ने गरिएको छ। तर, यस आलेखमा पेरिस कम्युनलाई १८ मार्च, १८७१ मा पेरिसका सर्वसाधारण जनताले विद्रोह गरी स्थापना गरेको कम्युनलाई पेरिस कम्युनका रूपमा अध्ययन गरिएको छ भने अक्टोबर समाजवादी क्रान्तिलाई २३ अक्टोवर, १९१७ का दिन लेनिनले नेतृत्व गरेका बोल्सेभिक पार्टीको नेतृत्वमा भएको क्रान्तिलाई अक्टोबर समाजवादी क्रान्ति भनि अध्ययन गरिएको छ। पेरिस कम्युन विश्व समाजवादी आन्दोलनमा मजदुर तथा सर्वहारावर्गको सत्ता स्थापनाको निम्ति भएको पहिलो क्रान्ति यियो। यस क्रान्ति विश्व समाजवादी आन्दोलनको ऐतिहासिक

र महत्वपूर्ण राजनीतिक घटना थियो । १८ मार्च, १८७१ मा पेरिसका जनता, मजदुर तथा सर्वहारवर्गले क्रान्ति गरी पेरिसको सत्ता आफ्ना हातमा लिएका थिए । जसलाई विश्व समाजवादी आन्दोलन र समाजवादी क्रान्तिको इतिहासमा पेरिस कम्युनको नाममा नामाकरण गरिएको छ जोशी, २०७८ : २४१–२४२) । पेरिसका सर्वसाधारण जनता र सर्वहारा तथा मजदुरवर्गले विद्रोह र क्रान्ति गरी स्थापना गरेका कम्युनलाई पेरिस कम्युन भनिन्थ्यो जुन समाजवादी व्यवस्था थियो । यस पेरिस कम्युनपछि विश्व समाजवादी आन्दोलनमा अर्को समाजादी क्रान्ति रूसको सन् १९१७ मा भएको थियो । लेनिनको नेतृत्वमा रूसका गरिब किसानहरूसँग, सिपाही तथा जहाजीहरूसँग सहकार्य गरी त्यहाँका मजदुरवर्गले पुँजीपति वर्गका सत्ता पल्टाउँदै २३ अक्टोबर, १९१७ का दिन सोभियतहरूको सत्ता कायम गरी नयाँ खाले सोभियत समाजवादी राज्यको स्थापना गरेका थिए । यस अक्टोबर समाजवादी क्रान्तिले त्यहाँको पुँजीवादलाई परास्त गर्दै, पुँजीपतिलाई सम्पूर्ण उत्पादनका साधनहरूबाट वञ्चित गराउँदै सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेको थियो तामाङ, २०६९: ८१–८६) । लेनिनको नेतृत्वमा रूसमा अक्टोबर समाजवादी क्रान्ति गरी समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो जसलाई सोभियत युनियन भनिन्थ्यो । विश्व राजनीतिमा समाजवादी शासन व्यवस्थाको नेतृत्व यस सोभियत युनिनले गरेको थियो । जसलाई विश्व समाजवादी आन्दोलन र क्रान्तिको इतिहासमा अक्टोबर समाजवादी क्रान्तिको नामले चिनिन्छ, बुझिन्छ र अध्ययन गरिन्छ ।

## छलफल

विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्ति : पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति

यस आलेखमा विश्व समाजादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्ति : पेरिस कम्यनु र अक्टोबर समाजवादी क्रान्तिलाई क्रमशै : अध्ययन गरिएको छ ।

## पेरिस कम्युन

विश्व समाजवादी क्रान्तिको लिखित पहिलो समाजवादी क्रान्ति हो, पेरिस कम्युन । सन् १८७१ को फ्रान्स–जर्मन युद्धमा फ्रान्सको हार भइसकेपछि १८ मार्च, १८७१ मा फ्रान्समा रहेका विद्रोहीहरूले विद्रोह गरेका थिए । ती विद्रोहीहरूले २८ मे, १८७१ सम्म पेरिसको सत्ता आफ्नो हातमा लिएका थिए खतिवडा, २०७४ : २०) । पेरिसका सर्वसाधारण जनता र सर्वहारा तथा मजदुरवर्गले विद्रोह गरी पेरिस कम्युनको स्थापना गरेका थिए । फ्रान्सको राजधानी पेरिसका सर्वहारा, क्रान्तिकारी विद्रोही र सर्वसाधरण जनताले १८ मार्च, १८७१ मा पेरिसलाई आफ्नो कब्जामा लिई पेरिस कम्युनको स्थापना गरेका थिए तामाङ, २०६९ : ५५) । पेरिसका सर्वसाधारण जनता र सर्वहारा तथा मजदुरवर्गले विद्रोह गरी पेरिस कम्युनको स्थापना गरोक हुनाले यस कम्युनको चरित्र पूर्णतः समाजवादी थियो । पेरिस कम्युनको सत्ता १८ मार्च, १८७१ देखि २८ मे, १८७१ सम्म जम्माजम्मी ७२ दिन मात्र टिकेको थियो (Priestland, 2010 : 18) । पेरिस कम्युन मात्र ७२ दिन टिकेको थियो । तर कम्युनको उत्पत्ति र स्थापना अचानक र आकस्मिक रूपमा त्यसै दिनमा मात्रै भएको थिएन । यो पेरिसका जनता, मजदुर तथा सर्वहारावर्गको अपरिवर्तनिय लक्ष्य थियो मार्क्स, एंगेल्स, २०६३ : १६५) । पेरिस कम्युन फ्रान्सको लामो क्रान्तिको इतिहासको उपज तथा लामो श्रृङ्खलाबद्ध राजनीति क्रान्तिको उपलब्धि थियो । फलस्वरूप पेरिस कम्युनको स्थापना भएको थियो । जसलाई जान्न, बुझ्नका निम्ति त्यस समयमा भएका क्रान्तिलाई क्रमैसँग अध्ययन गर्नुपर्ने हुन्छ ।

## फ्रान्सको राज्य क्रान्तिको इतिहास

सन् १७८९ मा फ्रान्समा वुर्जुवा पुँजीवादी क्रान्ति सम्पन्न भएपछि भएका सम्पूर्ण आन्दोलन, क्रान्ति र विद्रोहले सर्वहारा चरित्र ग्रहण गरिसकेको थियो । फ्रान्सको सन् १८४८ को फ्रेब्रुअरी वुर्जुवा क्रान्तिमा सर्वहारा वर्गको योगदान र बलिदानबाट वुर्जुवा पुँजीवादी गणतन्त्रको स्थापना भएको थियो । वुर्जुवा पुँजीवादी गणतन्त्रको स्थापना भइसकेपछि वुर्जुवा पुँजीवादी गणतन्त्रवादीहरूले सर्वहारा वर्गको मागलाई सम्बोधन नगरि उनीहरूलाई निशस्त्र पार्ने अभियान चलाएका थिए । सर्वहारा वर्गले पनि आफ्नो माग पुरा गराउन सन् १८४८ कै जुन महिनामा विद्रोह गरेका थिए तामाङ, २०६९ : ५७) । वुर्जुवा पुँजीवादी जनवादी क्रान्तिले वुर्जुवा गणतन्त्रको स्थापना गरे पनि यी क्रान्ति र गणतन्त्र स्थापनामा सर्वहारा तथा मजदुरवर्गको महत्वपूर्ण योगदान र भूमिका थियो । जसलाई नबुझी वुर्जुवा पुँजीवादीहरूले सर्वहारा तथा मजदुरवर्गलाई दमन गर्न थालेपछि सर्वहारा तथा मजदुरवर्गले ‘जुन विद्रोह’ गरेका थिए । जसलाई इतिहासमा जुन विद्रोहको नामले चिनिन्छ र अध्ययन गरिन्छ । तर, ५ दिनको भीषण लडाईपछि सर्वहारावर्गको हार भएको थियो । यस जुन विद्रोहमा वुर्जुवा पुँजीवादी गणतन्त्रवादीहरूले सर्वहारा

तथा मजदुरवर्गलाई क्रुर र पाशविक ढङ्गले हत्या गरेका थिए। त्यस विद्रोहमा ११००० मजदुर मारिएका थिए भने १००० औं लाई रोजगारीबाट निकालिएको थियो तामाङ, २०६९ : ५७)। वुर्जुवा पुँजीवादीहरूले 'जुन विद्रोह' गर्ने सर्वहारा तथा मजदुरवर्गलाई निर्मम दमन गरेको थियो। त्यस बखत फ्रान्समा मजदुर आन्दोलन घोर दमन गरी दबाइएको थियो। त्यस समयमा फ्रान्समा मात्र होइन पुरै युरोपमा सन् १८४८ देखि सन् १८५० सम्म सम्पूर्ण मजदुर तथा सर्वहारावर्गको आन्दोलनलाई निर्मम दमन गरी दबाइएको थियो भने यस आन्दोलन फेरि सन् १८६० को दशकबाट पुनः सुरू भएको थियो जोशी, २०७८ : २४२)। वुर्जुवा पुँजीवादीहरूले सर्वहारा तथा मजदुरवर्गको निर्मम दमन गरेर दबाए पनि सन् १८६० को दशकबाट पुनः सर्वहारा तथा मजदुरवर्गको विद्रोह उठेको थियो। सन् १८६० को दशकबाट सुरू भएको मजदुर तथा सर्वहारावर्गको आन्दोलन नै पेरिस क्रान्तिमा परिणत भएको थियो।

### फ्रान्समा वुर्जुवा पुँजीवादी गणतन्त्रको स्थापना

वुर्जुवा पुँजीवादी गणतन्त्रवादीहरू भित्रको आन्तरिक विवाद र किचलोले गर्दा २ डिसेम्बर, १८५१ मा लुई बोनापार्टले फ्रान्सको राज्यसत्ता आफ्नो हातमा लिएका थिए। उनले २ डिसेम्बर, १८५१ मा नै नेपोलियन तृतीयको नामबाट सम्राट घोषण गरेका थिए। उनको शासन अवधिमा कालाबजारी र औद्योगिक विकासले दलाल पुँजीवादको विकास तिव्र गतिमा भएको थियो र भ्रष्टाचार, ठगी, चोरी, डकैती जस्ता अवाञ्छित गतिविधिले गर्दा सर्वसाधारणको जीवन दुखदायी भएको थियो तामाङ, २०६९ : ५७–५८) । वुर्जुवा पुँजीवादी गणतन्त्रवादीका आन्तरिक किचलोका कारण बोनापार्टले फ्रान्सको राज्यसत्ता हातमा लिई नेपोलियन तृतीयको नाममा शासन गरेका थिए। उनको शासन अवधिभर गलत कार्य भएको थियो। उनले सन्१८१४ मा फ्रान्सले गुमाएको पुरानो सीमाहरू फर्काउन चाहेका थिए। यसको लागि उनले सन् १८६६ को अस्ट्रो प्रसियन युद्धको मौका छोपी ४ जुलाइ, १८७० मा प्रसाको विरूद्ध युद्ध गरेका थिए। यस युद्ध हप्तासम्म लम्बिएको थियो र उक्त युद्धमा फ्रान्सको हार भएको थियो। उनी र उनका ८०,००० सैनिकले २ सेप्टेम्बर, १८७० मा सेदनको युद्ध क्षेत्र मै आत्मसमर्पण गरेका थिए तामाङ, २०६९ : ५८)। उनी महत्वकांक्षी शासक भई आफ्नो साम्राज्यको विस्तार गर्ने महत्वकांक्षाका साथ युद्ध गर्दा पराजित हुन पुगेका थिए र उनको शासन युगको अन्त्य हुन पुगेको थियो। यस पराजयले गर्दा फ्रान्समा नेपोलियन तृतियका विरूद्ध जनता आन्दोलनमा उत्रिएका थिए। सडकबाटै फ्रान्सका जनताले उनलाई सत्ताच्यूत भएको घोषणा गरेका थिए। यसपछि पुँजीवादी नेता लियो गमवेलाको नेतृत्वमा 'राष्ट्रिय रक्षाको सरकार' भन्ने अस्थायी सरकारको गठन गरेका थिए। यस सरकार नितान्त पुँजीवादी प्रजातान्त्रिक चरित्रको सरकार थियो भण्डारी, २०७४ : १२९)। नेपोलियन तृतीयको शासन अन्त्य भएपछि पुनः वुर्जुवा पुँजीवादी गणतन्त्रवादीहरूको राष्ट्रिय रक्षाको सरकार गठन भएको थियो। यो सरकारको मूल चरित्र वुर्जुवा पुँजीवादी थियो।

### राष्ट्रिय सुरक्षा दस्ताको निर्माण

नेपोलियन तृतियको सेदनको युद्धमा पराजय भएपछि दोश्रो साम्राज्यको पतन भएको थियो र फ्रान्सलाई पुनः गणतन्त्र घोषणा गरिएको थियो। फ्रान्सको राज्यसत्ता पुनः वुर्जुवा पुँजीवादी गणतन्त्रवादीहरूले लिएका थिए। प्रसियाको सेना फ्रान्सको राजधानी पेरिसतिर बढिसकेपछि वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारले राष्ट्रिय सुरक्षा दस्ताको निर्माण गरेको थियो तामाङ, २०६९ : ५८)। नेपोलियनको साम्राज्यवादी तथा सामन्तवादी राज्यसत्ताको अन्त्य भएपछि फ्रान्सको राज्यसत्तालाई वुर्जुवा पुँजीवादी गणतन्त्रवादीहरूले लिएका थिए र उनीहरूले प्रसियाको आक्रमणबाट राष्ट्रलाई जोगाउन राष्ट्रिय सुरक्षा दस्ता नामक सुरक्षा बलको गठन गरेका थिए। पेरिसका सर्वहारा तथा मजदुर वर्गहरूले राष्ट्रिय स्वतन्त्रताका लागि लड्न तयार भई राष्ट्रिय सुरक्षा दस्तामा भर्ना भएका थिए। राष्ट्रिय सुरक्षा दस्तामा सर्वहारा तथा मजदुर वर्गहरूको संख्या धेरै थियो। वुर्जुवा पुँजीवादी गणतन्त्रवादीहरूको राष्ट्रिय सुरक्षाको सरकार गद्दार थियो। उ प्रसियासँग भन्दा पनि सर्वहारा तथा मजदुरवर्गहरूसँग लड्न चाहन्थ्यो। उसको यस्तो षडयन्त्रकारी कुरा सर्वहारा तथा मजदुरवर्गहरूले बुझ्न सकेका थिएनन्। उनीहरूलाई देशभक्ति भाव र राष्ट्रियताको नाराले भ्रममा पारिएको थियो। उनीहरूले देशभक्ति तथा राष्ट्रियताको नारा र समाजवादलाई एउटै कसिमा हेर्ने ठूलो गल्ति गरेका थिए तामाङ, २०६९ : ५८–५९)। वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारले गठन गरेको राष्ट्रिय सुरक्षा दस्ता नामको सुरक्षा बलमा सर्वहारा तथा मजदुर वर्ग धेरै सामेल थिए। उनीहरूले राष्ट्रवाद र सरमाजवादलाई एउटै वैचारिक तुलोमा तौलिदै राष्ट्र बचाऊ अभियानमा लागेका थिए भने वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकार चाहिँ प्रसियासँग भन्दा पनि राष्ट्रिय

सुरक्षा बलमा भर्ना भएका सर्वहारा तथा मजदुर वर्गलाई खतराको रूपमा लिँदै यिनका विरूद्धमा लड्ने योजनामा थिए । वुर्जुवा पुँजीवादी गणतन्त्रवादी राष्ट्रिय सुरक्षाको सरकार देशको रक्षा गर्न भन्दा पनि राष्ट्रिय सुरक्षा दस्तामा भर्ना भएका मजदुर तथा सर्वहारावर्गलाई मजदुर तथा सर्वहारावर्गको आन्दोलनलाई समाप्त गरेर आफ्नो सरकार सुरक्षित बनाउन चाहन्थ्यो । जुन चाहनास्वरूप उसले प्रसियासँग युद्ध नगरी प्रसियाका शासक विस्मार्कसँग युद्धविराम र सम्झौता गर्न पुगेको थियो जोशी, २०७८ : २४२) । योजना अनुरूप वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकार सर्वहारा तथा मजदुरवर्गको विरूद्ध लडी राष्ट्रिय सुरक्षा दस्ताबाट सर्वहारा तथा मजदुरवर्गलाई निमिट्यान्न सखाप पारी आफ्नो सत्ता र सरकार टिकाउन चाहन्थ्यो । आफ्ना सत्ता र सरकार सर्वहारा तथा मजदुर वर्गबाट खतरामा पर्न सक्छ भन्ने वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारलाई थियो । जसको फलस्वरूप उसले प्रसियासँग युद्ध नलडी युद्ध विराममा सम्झौता गर्न पुगेको थियो ।

## राष्ट्रिय सुरक्षा दस्ताका मजदुर तथा सर्वहारा वर्गको विद्रोह

सेप्टेम्बर, १८७० को प्रथम अन्तर्राष्ट्रियको घोषणापत्रमा फ्रान्सको सर्वहारा तथा मजदुर वर्गलाई वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको झुठो तथा भ्रामक देशभक्ति र राष्ट्रवादी नाराको दुष्चक्करमा नफस्नका लागि मार्क्सले आह्वान गरेका थिए । तर, फ्रान्सका सर्वहारा तथा मजदुर वर्गले मार्क्सको यो आह्वान बुझ्न सकेका थिएनन् र अन्ततगत्वा उनीहरू वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको दुष्चक्रमा फस्न पुगेका थिए तमाङ, २०६९ : ५९) । मार्क्सले फ्रान्सका सर्वहारा तथा मजदुर वर्गलाई राष्ट्रवादी र समाजवादी अवधारणा र विचारलाई एउटै तुलामा राखी नतौलन र त्यहाँको वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको भ्रूममा नपर्न आह्वान गरे पनि उनीहरूले मार्क्सको आह्वानलाई स्पष्ट बुझ्न नसकी वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको भ्रममा पर्न पुगेका थिए। पछि वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारले प्रसियासँग आत्मसमर्पण गरेको थियो । राष्ट्रिय सुरक्षा दस्तामा रहेका सर्वहारा तथा मजदुरवर्गले ५ अक्टोबर, १८७० मा वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारलाई राष्ट्रप्रति विश्वासघात नगर्न चेतावनी दिए पनि उक्त सरकारका प्रमुख एम. थियर्सले प्रसियासँग सम्झौता गर्न अघि बढिकेपछि सर्वहारा तथा मजदुरवर्गको दस्ताले ३१ अक्टोबर, १८७० मा सशस्त्र विद्रोह गरी नगर भवन कब्जा गरेका थिए र मन्त्रीहरूलाई गिरफ्तार गरेका थिए तामाङ, २०६९ : ५९) । वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारले प्रसियासँग सम्झौता गर्न अघि बढेपछि राष्ट्रिय सुरक्षा दस्ताका सर्वहारा तथा मजदुरवर्गले विद्रोह गरेका थिए ।

## वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्सको सरकार र प्रसिया सरकारबिच युद्ध विराम र सन्धि

राष्ट्रिय सुरक्षा दस्ताको सर्वहारा तथा मजदुरवर्गको विद्रोहसँग डराएर वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको प्रमुख एम. थियर्सले १ नोभेम्बर, १८७० मा कम्युनको निर्वाचन गराउने शर्तमा निम्न वुर्जुवा सुरक्षा दस्ताको मद्दतबाट गिरफ्तार गरिएका मन्त्रीहरूलाई छुटाएको थियो । तर, कम्युनको निर्वाचन गराउने उक्त शर्तलाई वेवास्ता गर्दै एम. थियर्सले २८, जनवरी १८७१ मा प्रसियासँग आत्मसमर्पण गर्दै युद्ध विराम गरी सन्धि गरेको थियो तामाङ, २०६९ : ५९) । वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारले सर्वहारा तथा मजदुरवर्गको विद्रोहलाई शान्त बनाउन र रोक्न कम्युनको निर्वाचन गर्ने शर्त राखी सम्झौता गरे पनि विद्रोह शान्त भएपछि वेवास्ता गर्दै सर्वहारा तथा मजदुरवर्गलाई धोका दिइ प्रसियासँग आत्म समर्पण र युद्ध विराम गरेको थियो । २८, जनावरी १८७१ को दिनको आत्मसमर्पणवादी युद्ध विराम सन्धि १८ मार्च, १८७१ को पेरिस विद्रोहको मूल जग थियो । २८ जनवरीको दिनदेखिनै पेरिस विद्रोहको सुरूवात भएको थियो । जसको जगमा पेरिस कम्युन स्थापित भयो मार्क्स, एंगेल्स, २०६३ : १८६) । वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारले प्रसियासँग गरेको आत्म समर्पणवादी युद्ध विरामको सम्झौता नै पेरिस कम्युन स्थापनाको मूल जग र स्रोत थियो । उक्त सम्झौता र सन्धिको विरूद्धमा र वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको विरूद्धमा सर्वहारा तथा मजदुरवर्गले एकजुट भई विद्रोह गरेका थिए जसको जगमा पेरिस कम्युन स्थापना भएको थियो ।

## वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्स सरकारको राष्ट्रघाती सन्धिका बिरूद्ध सर्वहारा तथा मजदुर वर्गको विद्रोह

वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्सको सरकारले राष्ट्रघाती सम्झौता प्रसियासँग गरेपछि सर्वहारा तथा मजदुरवर्ग र पेरिसका सर्वसाधारण जनताले ३१ अक्टोबर, १८७१ मा विद्रोह गरेका थिए । यो विद्रोह सफल हुन नसकेपछि २२ जनवरी, १८७१ मा फेरि विद्रोह गरेका थिए । यो विद्रोह पनि सफल भएको थिएन । सर्वहारा

तथा मजदुर वर्ग र पेरिसवासी जनताको विद्रोह दबाउन सकिन्छ भन्ने कुरा बुझेर एम. थियर्सको सरकारले प्रसिया सरकारसँग सहयोग मागेको थियो तामाङ, २०६९ : ५९)। सर्वहारा तथा मजदुरवर्गको विद्रोह दबाउन वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारले प्रसिया सरकारसँग सैनिक सहयोग मागेको थियो। १ मार्च, १८७१ मा प्रसियाको सेना पेरिस आइपुगेको थियो। राष्ट्रिय सुरक्षा दस्ताका सर्वहारा तथा मजदुरवर्गको दस्ताले एम. थियर्सको प्रतिक्रियावादी षडयन्त्रको भण्डाफोर गर्न सफल भएका थिए र पेरिसका सर्वसाधारण जनतालाई सचेत गराएका थिए। पेरिसवासिले सहर तुरून्तै सुनसान गराएका थिए, घरका ढोका बन्द गराएका थिए, झ्यालका पर्दा खसालेका थिए। प्रसियाको सेना पेरिसवासीको यस्तो मौन घृणा देखेर फर्किएको थियो। एम. थियर्सको सरकारले षडयन्त्रमा असफल भएपछि पेरिसवासी क्रान्तिकारी शक्तिहरू सर्वहारा तथा मजदुरवर्गलाई निशस्त्र पार्नको निम्ति राष्ट्रिय सुरक्षा दस्ताका सर्वहारा तथा मजदुरवर्गसँग भएका हतियारहरू र तोपहरू खोस्न १७ मार्च, १८७१ को राति अचानक मन्मोर्टस्थित तोपखानामाथि आक्रमण गरेको थियो। तर, उक्त आक्रमणमा वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्सको सरकार असफल भएको थियो तामाङ, २०६९ : ५९–६०)। वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको नियन्त्रणमा प्रसियन सेना सर्वहारा तथा मजदुरवर्गको विद्रोह दबाउन आएपनि पेरिसवासी जनताले सर्वहारा तथा मजदुरवर्गको विद्रोहलाई साथ दिँदै प्रसियन सेनालाई घृणा गरी पेरिसबाट फर्कन बाध्य पारेका थिए भने पेरिसवासी जनताको साथ पाएपछि सर्वहारा तथा मजदुरवर्गले वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको षडयन्त्र र आक्रमणलाई असफल पारिदिएका थिए।

**वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्सको सरकार विरूद्ध सर्वहारा तथा मजदुर वर्गको प्रतिरोधको लडाइँ**

पेरिसका जनता, सर्वहारा तथा मजदुर वर्ग आवद्ध राष्ट्रिय सुरक्षा दस्ताले विस्मार्कको आशिर्वाद प्राप्त एम. थियर्सको सरकारलाई तोपखाना र हातहतियार सुम्पन अस्विकार गरिदिएका थिए। आफ्ना हातहतियार जोगाउन सम्पूर्ण पेरिसवासीले तत्परता देखाएका थिए। राष्ट्रिय सुरक्षा दस्ता आफ्नो र पेरिसका जनताको प्रतिरक्षाका लागि प्रतिवद्ध थिए र प्रतिरोधको लडाइको लागि सङ्गठित भएका थिए मार्क्स, एगेंल्स, २०६३ : १८६)। वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकार सर्वहारा तथा मजदुरवर्गको विरूद्ध आक्रमणमा उत्रिएपछि पेरिसका सर्वसाधारण जनताले पनि सर्वहरा तथा मजदुर वर्गलाई साथ दिएका थिए। राष्ट्रिय सुरक्षा दस्ता सर्वहारा तथा मजदुर वर्गसँग भएका हतियार वुर्जुवा पुँजीवादी सरकारलाई नदिनका निम्ति पेरिसवासी सर्वसारधारण जनता र सर्वहारा तथा मजदुर वर्ग एकजुट भई वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारका विरूद्ध प्रतिरोधको लडाई लड्न प्रतिवद्ध र सङ्गठित भएका थिए।

**पेरिस कम्युनको स्थापना**

वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्सको सरकारले हतियार र तोप खोसी पेरिसवासी क्रान्तिकारी जनता र सर्वहारा तथा मजदुरवर्गलाई निशस्त्रिकरण गर्ने षडयन्त्र गरेपछि सम्पूर्ण पेरिसवासी एकजुट र ऐक्यवद्ध भई बेर्साइमा अवस्थित वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्सको सरकारको विरूद्ध युद्धको घोषणा गरेका थिए तामाङ, २०६९ : ६०)। वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकार सर्वहारा तथा मजदुर वर्गसँग भएका हतियार खोस्न अघि बढेपछि यसका विरूद्ध पेरिसवासी सर्वसाधारण जनता र सर्वहारा तथा मजदुर वर्ग एकजुट भई वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको विरूद्ध युद्धको घोषणा गरेका थिए। क्रान्तिकारी पेरिसवासी जनता र सर्वहारा तथा मजदुरवर्गको विरूद्ध लड्न आएका वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्सका सेनाले उसकै सरकारको विरूद्ध हतियार तेर्साएपछि पेरिस क्रान्तिकारी जनता र सर्वहारा तथा मजदुरवर्गको नियन्त्रण आएको थियो र राष्ट्रिय सुरक्षा दस्ताको केन्द्रिय समितिको सरकार बनेको थियो। २६ मार्च, १८७१ मा पेरिसका जनताले निर्वाचन गराएका थिए। २८ मार्च, १८७१ मा पेरिस कम्युनको घोषणा गरेका थिए। राष्ट्रिय सुरक्षा दस्ताको केन्द्रीय समितिले पेरिस कम्युनलाई सम्पूर्ण अधिकार सुम्पेको थियो तामाङ, २०६९ : ६०)। वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारलाई युद्धमा पराजित गरी पेरिसका सर्वसाधारण जनता र क्रान्तिकारी सर्वहारा तथा मजदुरवर्गले पेरिस आफ्नो नियन्त्रणमा लिई पेरिस कम्युनको स्थापना गरेका थिए। राष्ट्रिय सुरक्षा दस्ताको बटालियनहरूबाट निर्वाचित २० जना प्रतिनिधिको केन्द्रीय समिति गठन भएको थियो। जसले १८ मार्चमा शताब्दीकै पहिलो समाजवादी क्रान्तिको उद्भव गराएको थियो। यस क्रान्तिले आज पनि समाजवादी क्रान्तिको इतिहासमा महानतम् स्थान ग्रहण गरेको छ मार्क्स, एंगेल्स, २०६३ : १८७)। १८ मार्च, १८७१ का दिन पेरिसवासी जनता र क्रान्तिकारी सर्वहारा तथा मजदुरवर्गले फ्रान्सको वुर्जुवा

पुँजीवादी गणतन्त्रवादी सरकारलाई युद्धमा पराजित गरी पेरिस नियन्त्रणमा लिँदै पेरिस कम्युनको स्थापना गरेका थिए र समाजवादी राज्यसत्ता कायम गरेका थिए । यो समाजवादी क्रान्ति मानव जातिको इतिहास कै पहिलो तथा स्वर्णीय क्रान्ति थियो । यस क्रान्तिले विश्व राजनीतिको इतिहासमा महानतम् तथा उच्चतम् स्थान ग्रहण गरेको छ।

**पेरिस कम्युनको समाजवादी निर्णय र कार्यहरू**

पेरिस कम्युनको सत्ता जम्मा ७२ दिन मात्रै टिकेको थियो । तर, पेरिस कम्युन सर्वहारा तथा मजदुर वर्गको राज्यसत्ता भएको हुँदा यसले प्रगतिशिल निर्णयहरू गर्दै क्रान्तिकारी काम गरेको थियो। ३० मार्च, १८७१ मा पेरिस कम्यनुले सैनिक भर्ति केन्द्रको उन्मूलन गरेको थियो, त्यसै दिन सन् १८७० देखि सन् १८७१ सम्मको घरभाडाका सम्पूर्ण विधेयकहरूलाई गैह्रकानूनी घोषणा गरेको थियो, त्यसै दिन कम्युनमा निर्वाचित विदेशी नागरिकहरूलाई पनि कम्युनको महत्वपूर्ण विभाग सुम्पेको थियो । १ अप्रिल, १८७१ मा कम्युनका सदस्यहरू र कर्मचारीहरूको तलब ६००० फ्र्याङ्क  ४८०० मार्क) मात्रै हुने घोषणा गरेको थियो । २ अप्रिल, १८७१ मा चर्चलाई राज्यबाट अलग गरेको थियो र चर्चहरूको सम्पूर्ण सम्पतिलाई राष्ट्रियकरण गरेको थियो। ६ अप्रिल, १८७१ मा जिलोटिन यन्त्र  मान्छे मार्ने यन्त्र) जलाएको थियो  तामाङ, २०६९ : ६०–६२)। यस्ता प्रगतिशिल निर्णय गर्दै पेरिस कम्युनले समाजवादको पूर्णतः अभ्यास गरेको थियो । इतिहासमै पहिलो पटक निम्न तथा मध्यम पुँजीपतिहरूले मजदुर तथा सर्वहारावर्गको क्रान्तिको साथमा उभिएर आफ्नो तथा फ्रान्सको मुक्तिको घोषणा गरेका थिए। उनीहरूले मजदुर तथा सर्वहारावर्गसँग मिलेर राष्ट्रिय सुरक्षा दस्ताको निर्माण गरी तथा कम्युनका मजदुर तथा सर्वहारावर्ग मिलेर कम्युनको सभा बसी पेरिसबासि जनता, मजदुर तथा सर्वहारावर्गका पक्षमा र तिनको हितको लागि महत्वपूर्ण निर्णयहरू गरेका थिए  मार्क्स, एंगेल्स २०६३ : २०४–२०५) । राजनीतिक इतिहासमा नै पहिलो पटक पेरिस कम्युनले पेरिसका सर्वसाधारण जनता र सर्वहारा तथा मजदुर वर्गका पक्षमा राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक निर्णय गर्दै पेरिस कम्युन पूर्णतः सर्वसाधारण जनता र सर्वहारा तथा मजदुरवर्गका पक्षमा रहेको भनि प्रष्ट पारेको थियो।

१२ अप्रिल, १८७१ मा नेपोलियनले बनाएका विजय स्मारकलाई भत्काएको थियो। १६ अप्रिल, १८७१ भा उद्योगपतिहरूले बन्द गरेका उद्योगहरूलाई चलाउन मजदुरहरूलाई अनुमति दिएको थियो । २० अप्रिल, १८७१ मा पाउरोटी कारखानामा राती मजदुरहरूलाई काम लगाउन प्रतिबन्ध लगाएको थियो। पुँजीपतीहरूले छाडेका घरहरूलाई सर्वहारा तथा मजदुरवर्गलाई वितरण गरेको थियो । पेरिस कम्युनको राज्यसत्ता सर्वहारा तथा मजदुरवर्गको हातमा रहेको हुँदा यसका निर्णयहरू पूर्णतः सर्वहारा तथा समाजवादी चरित्रका थिए  तामाङ, २०६९ : ६२)। पेरिस कम्युन सर्वहारा तथा मजदुरवर्गका हातमा भएको हुँदा पेरिस कम्युनिले गर्ने सम्पूर्ण निर्णय सर्वसाधारण जनता र सर्वहारा तथा मजदुर वर्गका पक्षमा भएका थिए । पेरिस कम्युनले पूर्णतः समाजवादको अभ्यास गरेको थियो ।  पेरिसका मजदुर तथा सर्वहारावर्गले कम्युनको स्थापना गरी आफ्नो क्रान्तिको नेतृत्व आफ्नै हातमा लिएका थिए। पेरिसको राजकीय तथा सत्तासिन वर्गको सरकारी यन्त्रलाई विस्थापित गरी त्यसको नेतृत्व आफ्नो हातमा लिई कर्मचारीहरूले प्राप्त गरेका सरकारी विशेषाधिकारलाई आक्रमण गर्दै र त्यसको निरङ्कुश चरित्रको आर्थिक आधारलाई भत्काउने दृढ संकल्प लिएका थिए। जसले गर्दा पेरिस कम्युनले विविध महानतम् कारबाही निर्णय गर्दै पेरिसबासी मजदुर तथा सर्वहारावर्गको पक्षमा आफ्नो अस्तित्व कायम गरेको थियो र कार्य गरेको थियो। जसले गर्दा सम्पूर्ण पेरिसवासी मजदुर तथा सर्वहारावर्गलाई कम्युनको रातो झण्डामुनि गोलबन्द, गोलाकार र एकाकार गरेको थियो  मार्क्स, एंगेल्स, २०६३ : २०८–२१०) । पेरिस कम्युनिले सामन्तवादी निरंकुश राज्यसत्ताका सम्पूर्ण संयन्त्रलाई ध्वस्त पार्दै सर्वसाधारण जनता र सर्वहारा तथा मजदुरवर्गका पक्षमा र हितमा महत्वपूर्ण निर्णय गर्दै समाजवादी शासन व्यवस्थाको अभ्यास गरेको थियो जसले गर्दा सम्पूर्ण सर्वसाधारण जनता र सर्वहारा तथा मजदुर वर्गलाई कम्युनिभित्र समेट्न सफल भएको थियो।

**पेरिस कम्युनको अन्त्य**

समाजवादी पेरिस कम्यनु मात्रै ७२ दिन टिकेको थियो । पेरिस कम्यनु ढल्नुको कारण १८ मार्च, १८७१ का दिन पेरिस कम्युनको विजयपश्चात वुर्जुवा पुँजीवादी गणतन्त्रवादी एम. थियर्सको सेनाहरूको हत्या नगरि पेरिस कम्युनबाट उनीहरूलाई बेर्साइ जान दिनु थियो । बेर्साइमा बसेर एम. थियर्सको सरकारले पेरिस कम्युनमाथि आक्रमण गर्न शक्ति सञ्चय गरेर बसेको थियो । उसले पेरिस कम्यनु ढाल्नका निम्ति १० मे, १८७१ मा फ्र्याङफर्टमा प्रसिया सरकारसँग सन्धि गरेको थियो  तामाङ, २०६९ :

६३–६४)। पेरिस कम्युनले सर्वसाधारण जनता र सर्वहारा तथा मजदुर वर्गका पक्षमा र हितमा महत्वपूर्ण निर्णय गर्दै समाजवादको पूर्णतः अभ्यास गरे पनि पेरिस कम्युन मात्र ७२ दिन टिकेको थियो। यसका विरूद्ध फ्रान्सको वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकार प्रसियाको सरकारसँग सन्धि गरेको थियो। त्यस सन्धि अनुसार प्रसियाली सेना पेरिस कम्युनका कम्यनुगार्डसँग युद्ध लड्न पेरिस आएका थिए। २२ मे, १८७१ मा प्रसियाली सेना पेरिस प्रवेश गरेका थिए। प्रसियाली सेना र पेरिस कम्युनका कम्युनगार्डबिच भिषण युद्ध भयो। यस युद्धलाई रक्त रञ्जित मे सप्ताह भनिन्छ। प्रसियाली र पेरिस कम्युनका कम्यनुगार्डबिच ला चाँसे मसानघाटको पर्खालमा ७ दिनसम्म भिषण युद्ध भएको थियो र पेरिस कम्युन ढलेको थियो। यस सप्ताह व्यापी युद्धमा ३०,००० पेरिसवासीलाई मारिएको थियो, ४५००० लाई गिरफ्तार गरिएको थियो १००० औं लाई कालापानी पठाइएको थियो । यसरी त्यस युद्धमा लाखौं पेरिसबासी क्रान्तिकारी विद्रोही जनता र सर्वहारा तथा मजदुरवर्गले आफ्नो ज्यान गुमाएका थिए तामाङ, २०६९ः ६४–६५) । पेरिस कम्युनको रक्षाका निम्ति पेरिसबासी सर्वसाधारण जनता र सर्वहारा तथा मजदुरवर्गले फ्रान्सको वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारका विरूद्ध अदम्य साहस र विरताका साथ भिषण युद्ध लडेका थिए। अन्तिम सास रहेसम्म युद्ध लड्दा पनि वुर्जुवा पुँजीवादी गणतन्त्रवादी सरकारको सैनिक र प्रसियन सैनिकका अगाडि पेरिसबासी सर्वसाधारण जनताको र सर्वहारा तथा मजदुरवर्गको केही लागेन र अन्ततः पेरिस कम्युनि सदाका लागि ढल्न पुगेको थियो। मात्र ७२ दिन टिकेर पेरिस कम्युन ढले पनि पेरिस कम्युनको स्थापनाले विश्वभरका मजदुर तथा सर्वहारा वर्गलाई समाजवादी क्रान्ति गरी समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्न सकिन्छ भन्ने आशाको किरण छरेको थियो अर्थात् आशा जगाएको थियो (Elster & Moene, 1989 : 197)। पेरिस कम्युनले विश्व समाजवादी आन्दोलन र क्रान्तिका लागि विश्वका मजदुर तथा सर्वहारा वर्गलाई नयाँ आशा, साहस र ऊर्जा दिएको थियो । यसरी पेरिस कम्युन सदाका लागि ढलेको थियो र विश्व समाजवादी क्रान्तिको इतिहसमा एक लिखित समाजवादी क्रान्तिको नाममा दर्ज भएको थियो। १८ मार्च, १८७१ को पहिलो बिहानी 'कम्युन जिन्दावाद' को गगनभेदी नाराबाट बिउँझेको पेरिसले विश्व समाजवादी आन्दोनलको इतिहासमा नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गरेको थियो। यस समाजवादी सामाजिक व्यवस्था ७२ दिन मात्रै टिकेर पेरिस कम्युन ढले पनि विश्व समाजवादी आन्दोनल र क्रान्तिको इतिहासमा स्वर्णिम अक्षरले लेखिइ पहिलो समाजवादी क्रान्तिको रूपमा लिखित इतिहास बनिसकेको छ। कम्युनसम्बन्धिका विविध व्यख्या र यसले अभिव्यक्त गरेको हितका कारण पेरिस कम्युन नयाँ समाजवादी समाजिक व्यवस्थाको रूपमा प्रमाणित भएको छ मार्क्स, एंगेल्स, २०६३ : ८१–८९)। पेरिस कम्युनले पेरिसबासी सर्वसाधारण जनता र सर्वहारा तथा मजदुरवर्गका पक्षमा गरेका विविध निर्णयले पेरिस कम्युन पूर्णतः समाजवादी व्यवस्था थियो भन्ने प्रमाणित हुन्छ । पेरिस कम्युन स्थापनापछि यसका गतिविधि, कार्य र अवधारणाले पनि यस व्यवस्था नयाँ समाजवादी सामाजिक व्यवस्था थियो भन्ने प्रमाणित हुन्छ। मात्र ७२ दिन टिकेको पेरिस कम्युनले विश्व समाजवादी क्रान्तिको इतिहासमा पहिलो क्रान्तिको रूपमा दर्जा पाएको छ।

### अक्टोबर समाजवादी क्रान्ति

विश्व समाजवादी क्रान्तिको इतिहसमा अर्को लिखित समाजवादी क्रान्ति हो, अक्टोबर समाजवादी क्रान्ति । विश्व राजनीतिक इतिहसमा फ्रान्सेली राज्य क्रान्ति जतिकै ऐतिहासिक महत्व राख्ने क्रान्ति हो, अक्टोबर समाजवादी क्रान्ति। यस अक्टोबर समाजवादी क्रान्तिले वुर्जुवा पुँजीवादी राज्यसत्तालाई ध्वस्त पार्दै समाजवादी राजाीतिक व्यवस्थाको स्थापना गरेको थियो । जसले सर्वहारा तथा मजदुर वर्गको हकहितलाई संरक्षित गर्दथ्यो। १८ मार्च, १८७१ मा पेरिस कम्युनको स्थापना भएपछि विश्व राजनीतिक जगतमा भयानक विष्फोटक समाजवादी क्रान्ति २३ अक्टोबर, १९१७ मा रूसमा भएको थियो। जुन समाजवादी क्रान्ति आज विश्व समाजवादी क्रान्तिको इतिहसको अध्ययन गर्दा लिखित इतिहासको रूपमा महत्वपूर्ण ढंगले अध्ययन गर्ने गरिन्छ।

### लेनिनको नेतृत्वमा रूसी सामाजिक जनवादी पार्टीको निर्माण

रूसमा समाजवादी पार्टीको निर्माण जी. भी.प्लेखानोभ १८५६–१९१८) ले 'मजदुर मुक्तिदल' को नाममा गरेका थिए। यो समाजवादी पार्टी ठूलो र विकसित थिएन। यस पार्टीले रूसमा समाजवादी क्रान्तिको विकास गर्न सकेको थिएन। लेनिन १८७०–१९२४) ले नै रूसमा समाजवादी क्रान्ति सम्पन्न गर्न सफल भएका थिए। लेनिनले सन् १९९५ मा रूसमा समाजवादी पार्टीको निर्माण 'मजदुर वर्गको मुक्तिको लागि सेन्ट पिटर्सको संघर्ष लिग' नाममा

गरेका थिए  तामाङ, २०६९ : ८१) । प्लेखानोभले रूसमा पहिलो कम्युनिस्ट पार्टीको निर्माण गरेका भए पनि समाजवादी क्रान्तिलाई सही दिशा दिन लेनिनले समाजवादी पार्टीको निर्माण गरेका थिए । लेनिनले रूसमा समाजवादी आन्दोलनमा देखा परेका विभिन्न अवसरवादी समस्याසँग जुध्दै समाजवादी आन्दोलनलाई विकास गरेका थिए। सन् १८९८ मा लेनिनले विभिन्न साना–साना समूहमा रहेका समाजवादी पार्टीलाई एउटै पार्टीको रूपमा निर्माण गर्ने प्रयास गरेका थिए। तर, सफल भएका थिएनन्। एउटै समाजवादी पार्टीको निर्माण गर्ने लेनिनको अभियानको विरोध अर्थवादीहरूले गरेका थिए। समाजवादी आन्दोलन भित्रका अवसरवादीहरूसँग संघर्ष गर्दै लेनिनले सन् १९०३ मा 'रूसी सामाजिक जनवादी पार्टी' नामको समाजवादी पार्टीको निर्माण गरेका थिए  तामाङ, २०६९ : ८१)। रूसको समाजवादी आन्दोलनलाई एक ढिक्का बनाई बलशाली रूपमा अघि बढाउन लेनिनले 'रूसी सामाजिक जनवादी पार्टी' निर्माण गरेका थिए।

**पार्टीभित्र बोल्सेभिक र मेन्सेभिक धारको निर्माण**

लेनिनले 'रूसी सामाजिक जनवादी पार्टी' निर्माण गरिसकेपछि यस पार्टीको मुखपत्रको रूपमा इस्क्रा भिल्को) पत्रिकाको प्रकाशन गरी समाजवादी चिन्तनको विचारधारात्मक बहस चलाएका थिए । इस्क्राको विचारधारात्मक लाडाइको कारणले नै पार्टीको सन् १९०३ को दोश्रो महाधिवेशनबाट नै यस पार्टीबाट दुई पार्टी बोल्सेभिक पार्टी र मेन्सेभिक पार्टीको जन्म भएको थियो  तामाङ, २०६९ : ८१–८२)। लेनिनले क्रान्तिकारी मार्क्सवादी विचारधारालाई अडिक भई आत्मसात् गर्दै वैज्ञानिक सरमाजवादी चिन्तनलाई विचारधारात्मक रूपमा बहस चलाएका कारण रूसी सामाजिक जनवादी पार्टीभित्र दुई धारा बोल्सेभिक र मेन्सेभिक धारको निर्माण भएको थियो । महाधिवेशनमा लेनिनको क्रान्तिकारी विचार बहुमतले पास गरेको हुँदा र लेनिनको पक्षमा बहुमत भएको हुँदा लेनिनको पक्षलाई बोल्सेभिक भनिएको थियो र लेनिनको विपक्षमा थोरै मत र विपक्ष थोरै भएका हुँदा मेन्सेभिक भनिएको थियो। रूसी भाषामा बोल्सेभिकको अर्थ बहुमत र मेन्सेभिकको अर्थ अल्पमत हो । सिद्धान्ततः बोल्सेभिकहरू क्रान्तिकारी थिए भने मेन्सेभिकहरू सुधारवादी तथा अवसरवादी थिए  साङ् कृत्यायन, २०७८ : ७८)। रूसी भाषामा बोल्सेभिकको अर्थ बहुमत र मेन्सेभिकको अल्पमत भएको हुँदा महाधिवेशनमा लेनिनको क्रान्तिकारी विचारको पक्षमा उभिने बहुमत भएका हुँदा लेनिनको नेतृत्वमा बोल्सेभिक पार्टीको निर्माण भएको थियो भने लेनिनको क्रान्तिकारी विचारको विपक्षमा उभिनेहरू अल्पमतमा परेका हुँदा उनीहरूको नेतृत्वमा मेन्सेभिक पार्टीको निर्माण भएको थियो । रूसी सामाजिक जनवादी पार्टीको लक्ष्य रूसी मजदुरवर्गको वर्गीय चेतनालाई जागरूक तथा विकास गराउने र मजदुरवर्गको सङ्गठनलाई संवर्द्धित गर्दै उनीहरूको सङ्घर्ष राजनीतिक सङ्घर्ष भएको हुनाले उनीहरूको राजनीतिक उद्देश्य राजनीतिक मुक्ति हो भनी किटान गरिएको थियो  लेनिन, १९७८ : १७) । रूसी सामाजिक जनवादी पार्टीको लक्ष्य मजदुर वर्गलाई वर्गीय चेतनाका आधारमा जागरूक र जागृत गर्दै मजदुरवर्गको सङ्गठनलाई संवर्द्धन गरी उनीहरूको सङ्घर्ष राजनीतिक सङ्घर्ष हो र उद्देश्य राजनीतिक मुक्ति हो भनी किटान गर्ने भन्ने थियो।

**लेनिनको क्रान्तिकारी मार्क्सवादी धारा र भ्पेर्द पत्रिकाको प्रकाशन**

दोश्रो महाधिवेशनमा लेनिनले सङ्गठनात्मक प्रस्तावको रूपमा पार्टी सदस्यको कार्यभार र जिम्मेवारीको नयाँ प्रस्ताव ल्याएका थिए । लेनिनको सङ्गठनात्मक प्रस्ताव मेन्सेभिकहरूलाई राम्रो लागेन र उनीहरूले प्लेखानोभको मद्दतबाट पार्टी फुटाउनतिर लागेका थिए। पार्टी फुट्ने खतरा देखेपछि लेनिनले सैद्धान्तिक समस्याको समाधान महाधिवेशनबाट गराउन चाहन्थे र महाधिवेशनको तयारीमा जुट्न लागेका थिए । तर, महाधिवेशन हुनुपूर्व नै बोल्सेभिक र मेन्सेभिक दुवै दुई गुटमा भिन्दाभिन्दै राजनीतिक तथा सांगठानिक काम गर्न सुरू गरिसकेका थिए  तामाङ, २०६९ : ८२)। लेनिनको क्रान्तिकारी मार्क्सवादी विचारधारासँग असहमती राख्दै पार्टीको महाधिवेशन अगावै मेन्सेभिकहरूले अलग्गै रूपमा राजनीतिक तथा साङ्गठनिक गतिविधि सुरू गरिसकेका थिए । सन् १९०४ को फेब्रुअरीमा रूस–जापान युद्ध  १९०४–१९०५) सुरू भएको थियो। यस प्रतिक्रियावादी युद्धमा जार शाही लागेको समयमा जार शाहीको निरंकुशताको विरूद्धमा मजदुरहरूले सशस्त्र संघर्ष सुरू गरेका थिए। यस संघर्षमा बोल्सेभिकहरूले वीरतापूर्वक संघर्ष गरेका थिए । डिसेम्बर, १९०४ मा रूसको बाकुमा बोल्सेभिक मजदुरहरूको नेतृत्वमा आम हड्ताल गरी आफ्ना धेरै मागहरूको सम्बोधन गराउन सफल भएका थिए  तामाङ, २०६९ : ८२) । लेनिन नेतृत्वको बोल्सेभिक समूहले जारशाहीको निरङ्कुशताको

विरूद्धमा सम्पूर्ण मजदुरहरूलाई एकत्रित गर्दै आन्दोलन गरी मजदुरहरूका मागहरू पूरा गराउन सफल भएका थिए। पार्टी निर्माणदेखि पार्टीको राजनीतिक, सांगठनिक कार्य दिशामा क्रान्तिकारी धारको निर्माण गर्न लेनिनलाई महत्वपूर्ण सहयोग गरेको इस्क्रा पत्रिका ५२ अंकबाट मेन्सेभिकहरूको कब्जामा परेपछि फेरि पार्टी निर्माण सुदृढिकरण गर्न तथा पार्टीको राजनीतिका सांगठनिक गतिविधिमा क्रान्तिकारी कार्याक्रमको विचार प्रवाह गर्न लेनिनलाई इस्क्रा जस्तै पत्रिकाको आवश्यकता परेको हुँदा बोल्सेभिक समूहले लेनिनको सम्पादकत्वमा डिसेम्बर, १९०४ देखि भ्पेर्द अग्रगामी) पत्रिका प्रकाशन गरेका थिए जसलाई बोल्सेभिकभ्पेर्द भनिन्थ्यो। यसै पत्रिकामार्फत लेनिनले पार्टीमा क्रान्तिकारी धारलाई संगठित गदर्लै पार्टीको कार्यदिशा र क्रान्तिको कार्यक्रमलाई प्रस्तुत गर्दै अघि बढेका थिए साङ्कृत्यायन २०७८ : ८४)। पार्टीभित्र बोल्सेभिक र मेन्सेभिकहरू बिच तिब्र वैचारिक तथा राजनीतिक सङ्घर्ष र साङ्गठनिक सङ्घर्ष चर्केपछि मेन्सेभिकहरूले पार्टीको मुखपत्र इस्क्रा पत्रिका कब्जा गर्न सफल भएका थिए। इस्क्रा पत्रिका मेन्सेभिक समूहको कब्जामा परेपछि पार्टीभित्र क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तन र विचारधारा प्रवाह गर्न पत्रिकाको आवश्यक ठानि बोल्सेभिक समूहले लेनिनको सम्पादकत्वमा भ्पेर्द पत्रिका प्रकाशन गरेका थिए । जस मार्फत् लेनिनले पार्टीमा क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तन र पार्टीको राजनीतिक कार्यक्रमलाई निरन्तर प्रवाह गरेका थिए।

## रूसमा पुँजीवादी जनवादी क्रान्ति

९ जनवरी,१९०५ मा मजदुरहरू दरबारमा आफ्ना मागहरूको बिन्तिपत्र लिएर जाँदा सम्राटले सेनाहरूलाई गोली बर्षाउन लगाइ हजारौं मजदुरहरूको हत्या गरेका थिए । उक्त घटनाले गर्दा रूसमा मजदुर आन्दोलन धेरै बढेको थियो । उक्त आन्दोलनप्रति बोल्सेभिक र मेन्सेभिकहरूका बिचमा मतभेदको सिर्जना हुन पुगेका थियो । वुर्जुवा पुँजीवादीहरूले वुर्जुवा पुँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई पुरा गर्न चाहेका थिएनन् र प्रतिक्रियावादी शक्तिसँग सम्झौता गरी पुँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई रोकेका थिए । रूसका सर्वहारा तथा मजदुर वर्गले यो कुरा राम्रोसँग बुझेका थिए र उनीहरूले लेनिनले नेतृत्व गरेका बोल्सेभिकहरूको किसान क्रान्तिमा सहयोग गरेका थिए तामाङ, २०६९ : ८२–८३)। निरङ्कुश जारशाहीले हजारौं मजदुरहरूको हत्या गरेपछि मजदुर आन्दोलनका बारेमा बोल्सेभिक र मेन्सेभिक बिच तिब्र वैचारिक मतभेद भएको थियो । मेन्सेभिकहरूले वुर्जुवा पुँजीवादीहरूसँग सहकार्य गरी मजदुरवर्गको आन्दोलनलाई रोक्ने प्रयास गरेपछि सम्पूर्ण मजदुरहरूले लेनिनको नेतृत्वमा रहेको बोल्सेभिक पार्टीलाई र बोल्सेभिक पार्टीको क्रान्तिलाई साथ दिएका थिए र सहयोग गरेका थिए। ९ जनवरी, १९०५ मा जार सरकारले मजदुरहरूमाथि गोली बर्साइ हजारौं हजार मजदुरको हत्या र उत्तिकै सङ्ख्यामा मजदुर हरूलाई घाइते गराएपछि सडकमा रगतको खोलो बगेको थियो। उक्त घटनाका कारण त्यस दिनलाई ‘रक्तपातपूर्ण आइतवार’ भन्ने गरिएको छ। यस घटनापछि मजदुरहरूमा जार सरकारप्रति घृणा र बोल्सेभिक पार्टीप्रति श्रद्धाभाव जागृत भएको थियो । आफ्नो राजनीतिक अधिकार र मुक्ति सुनिश्चित लेनिन नेतृत्वको पार्टीबाट मात्र संभव छ भन्ने ठानेर मजदुरहरू बोल्सेभिक पार्टीमा सङ्ठित हुने र सहयोग गर्ने काम गरेका थिए भण्डारी, २०७४: १७५) । निरङ्कुश जारशाहीले हजारौँको सङ्ख्यामा मजदुरहरूको हत्या गरेपछि रूसभरिका सम्पूर्ण मजदुर हरूमा जारशाहीका विरूद्ध विद्रोहको भाव जागृत भयो र देशैभरी मजदुर विद्रोहले विशाल रूप लिन पुगेको थियो। देशभरका सम्पूर्ण मजदुरहरू लेनिन नेतृत्वको बोल्सेभिक पार्टीमा सङ्गठित भई पुँजीवादी जनवादी क्रान्तिमा होमिन पुगेका थिए। सम्पूर्ण मजदुरहरूको सहययोगमा रूसको पुँजीवादी जनवादी क्रान्ति चरम चुलीमा पुगेको थियो।

## पार्टीभित्र वैचारिक मतभेद, पार्टीको गुट र लेनिनको समाजवादी क्रान्तिसम्बन्धी कार्यक्रम र कार्यदिशा

वुर्जुवा वर्गले पुँजीवादी क्रान्ति रोकेपछि सर्वहारा वर्गको नीति र समाजवादी क्रान्ति कस्तो र कसरी गर्नुपर्छ भन्ने मतमा मेन्सेभिकहरूले पुँजीवादी क्रान्तिपछि पहिला पुँजीवादको विकास गर्नुपर्छ र समाजवादी क्रान्ति पुँजीवादको विकास भए मात्रै गर्नुपर्दछ भन्ने राय राखेका थिए। तर, लेनिनले पुँजीवादी क्रान्तिपछि तुरून्तै आफ्नो शक्तिको मात्रामा वर्ग सचेतना र संगठित सर्वहारा तथा मजदुर वर्गको शक्ति अनुसार समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्न् पर्दछ भनी आफ्नो मत राखेका थिए तामाङ, २०६९ : ८३)। पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएपछि समाजवादी क्रान्तिको दिशामा अघि बढ्ने कुरालाई लिएर मतभेद सिर्जना भएको थियो । समाजवादी क्रान्ति सम्बन्धी मतभेदका कारण रूसको सामाजिक जनवादी पार्टी फुटेको थियो । बोल्सेभिक र

मेन्सेभिक दुवैले बेग्लाबेग्लै आफ्नो केन्द्रिय समितिहरू बनाएका थिए र समानान्तर किसिमले राजनीतिक तथा सांगठानिक गतिविधिहरू बढाएका थिए। यही समयमा बोल्सेभिकहरू क्रान्तिकारी परिस्थितिहरूको सिर्जना गर्दै जारशाहीको विरूद्ध सशस्त्र क्रान्तिका लागि जनताका माझमा गएका थिए तामाङ, २०६९ : ८३)। लेनिनको समाजवादी क्रान्तिको कार्यक्रम नै सही कार्यक्रम हो भनी बोल्सेभिकहरू समाजवादी क्रान्तिका निम्ति अघि बढेका थिए। यसले गर्दा जनताहरू समाजवादी क्रान्तिका निम्ति उत्साहित भएका थिए। देशव्यापि रूपमा सशस्त्र क्रान्ति र विद्रोह बोल्सेभिकहरूले जनतासँग मिलेर गरेका थिए । देशका धेरै स्थानहरूमा जाराशाहीको सत्ता अन्त्य गरेर सर्वहारा तथा मजदुर वर्गको र जनताको सत्ता स्थापना गरेका थिए। बोल्सेभिकहरूको क्रान्ति असफल पार्नका निम्ति मेन्सेभिकहरू लागि परेका थिए। डिसेम्बर, १९०५ सम्म चरमचुलीमा पुगेको बोल्सेभिकहरूको क्रान्ति पछि बिस्तारै असफल हुन पुगेको थियो तामाङ, २०६९ : ८३) । पुँजीवादी क्रान्ति सम्पन्न गरी समाजवादी क्रान्तिको दिशामा अघि बढ्न क्रियाशील बोल्सेभिकहरूलाई मेन्सेभिकहरू असफल पार्न हरसम्भव प्रयासरत थिए । सन् १९०५ पुँजीवादी जनवादी क्रान्तिमाथि जारशाही सरकारले दमन गरेपछि जारशाही सरकार विरूद्ध क्रान्तिको उभार तिव्र गतिमा पुनः सुरू भएको थियो। यस क्रान्तिको दमनपछि सन् १९०७ मा षडयन्त्रपूर्वक दोस्रो डुमा विघटन गरेपछि पाशविक बर्बर दमन चक्रको कालो युग शुरू भएको थियो। यस दमनले रूसलाई विचार र शुन्यताको घडिमा पुऱ्याएको थियो। पुरै मजदुर वर्गको क्रान्ति नै अन्यौलग्रस्त विचार शुन्य अवस्थामा पुगेको थियो। सन् १९१० पछि चाहिँ पुनः मजदुर तथा गरिब किसानहरू जागरूक हुँदै बिस्तारै बिस्तारै आन्दोलन र क्रान्तिमा सहभागि हुन थालेका थिए । सन् १९१२ मा भ्पेर्द प्राब्दा) पत्रिका प्रकाशनमा आउन थालेपछि वैचारिक र राजानीतिक प्रचारसँगै क्रान्तिको उभार नयाँ चरणमा प्रवेश गरेको थियो जोशी, २०७८ : २५१)। मेन्सेभिकहरू बोल्सेभिकहरूको समाजवादी क्रान्तिलाई असफल पार्न प्रयासरत रहे पनि लेनिनको क्रान्तिकारी विचारधाराको अगाडि उनीहरूको केही चलेको थिएन। लेनिनको समाजवादी क्रान्तिसम्बन्धी विचार र कार्यक्रम नै उत्कृष्ट विचार र कार्यक्रम हो भनी किटान गरी मजदुरहरूले बोल्सेभिकहरूलाई क्रान्तिका लागि सहयोग गरेपछि समाजवादी क्रान्तिले नयाँ उभार र चरण पाएको थियो।

### लेनिनको क्रान्तिकारी विचारधारा र वैज्ञानिक समाजवादी चिन्तन

क्रान्ति असफल भएपछि बोल्सेभिकहरूका लागि सन् १९०८–१९१२ को समयावधि संकटपूर्ण अवस्थामा रहेको थियो । मेन्सेभिकहरू पार्टीको क्रान्तिकारी नारा र कार्क्रमलाई त्याग्दै पुँजीवादी पार्टीमा रूपान्तरित हुन पुगेका थिए तामाङ, २०६९ : ८३) । मेन्सेभिकहरू अवसरवादी र विसर्जनवादी भएका कारण उनीहरू पुँजीवादी पार्टीमा रूपान्तरित भएका थिए। बोल्सेभिक भित्रका केहीले लेनिनको क्रान्तिकारी कार्यनीति बुझ्न सकेका थिएनन् । जसले गर्दा उनीहरूले राज्य दुमामा रहेक सर्वहारा तथा मजदुर वर्गका प्रतिनिधिहरूलाई फिर्ता बोलाउनु पर्ने भनी माग राख्न पुगेका थिए। मेन्सेभिकहरू क्रान्तिकारी नारा र कार्यक्रम त्यागी विसर्जनवादी बन्न पुगेका थिए भने बोल्सेभिक भित्रै केही व्यक्तिरू लेनिनको क्रान्तिकारी कार्यनीति बुझ्न नसकि राज्य दुमामा रहेका सर्वहारा तथा मजुरवर्गका प्रतिनिधि फिर्ता मगाउने तथा राज्य दुमाको बहिष्कार गर्ने बहिष्कारवादी बन्न पुगेका थिए। दुवै विसर्जनवादी र बहिष्कारवादी मिलि साझा गुटको निर्माण गरी लेनिनको क्रान्तिकारी कार्यनीतिको विरूद्धमा नेता ट्राटस्कीको नेतृत्वमा अगस्ट गुटको निर्माण गर्न पुगेका थिए तामाङ, २०६९ : ८३–८४)। लेनिनको क्रान्तिकारी विचारधारा अन्तर्गतको समाजवादी कार्यक्रम बुझ्न नसकेर बोल्सेभिक भित्रका वहिष्कारवादी र मेन्सेभिक विसर्जनवादीहरू मिली लेनिनको समाजवादी विचारधाराको विरूद्धमा नयाँ गुटको निर्माण गर्न पुगेका थिए। सन् १९०५ को पुँजीवादी जनवादी क्रान्ति असफल भएपछि मजदुर वर्गको आन्दोलन र समाजवादी क्रान्तिमा सन्नाटा छाए पनि सन् १९१० को अन्ततिरबाट समाजवादी आन्दोलन र क्रान्तिमा नयाँ जागृति आएको थियो । रूसको मजदुर तथा किसानका आन्दोलन, समाजवादी आन्दोलन र क्रान्तिलाई मेन्सेभिकहरूको विसर्जनवादी र अवसरवादी चरित्रले थिलोथिलो परेको थियो। जसलाई लेनिनले विभिन्न लेख लेखि उनीहरूको अवसरवाद र विसर्जनवादको भण्डाफोर गर्दै बोल्सेभिकहरूलाई र मजदुर तथा किसान आन्दोलन र समाजवादी आन्दोलन र समाजवादी क्रानितलाई मार्क्सवादी तथा सर्वहारावादी विश्व दृष्टिकोणाट लैस गर्दै राजनीतिक तथा साङ्गठनिक कार्यक्रमहरू दिँदै गएका थिए। लेनिनले सन् १९११ तिर पेरिस नजिकै लङजुमेदोमा पार्टी स्कुल खोली रूसको समाजवादी आन्दोलन तथा क्रान्तिका लागि राजनीतिक, आर्थिक तथा समाजवादका सैद्धान्तिक व्याख्यानहरू

दिँदै गएका थिए साङ्कृत्यायन, २०७८ : १२१–१२२)। लेनिनले मेन्सेभिकहरूको अवसरवादी तथा विसर्जनवादी चरित्रको भण्डाफोर गर्दै क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनको प्रचार–प्रसार गर्दै समाजवादी क्रान्तिका कार्यक्रम निर्माण गरी क्रियान्वनयनका निम्ति अघि बढाएका थिए।

## विश्व राजनीतिमा नयाँ विचारधाराको रूपमा लेनिनवादी विचारधाराको निर्माण

सन् १९१२ म भएको प्राग सम्मेलनबाट बोल्सेभिकहरूले मेन्सेभिकरूलाई कार्बाही गरी पार्टीबाट निष्काशन गरिदिएपछि अगस्ट गुटको विरूद्धमा विजय हासिल गरेका थिए। मेन्सेभिकहरूलाई पार्टीबाट निष्काशित गरेपछि लेनिनको नेतृत्वमा बोल्सेभिकहरूले नयाँ र स्वतन्त्र पार्टीको रूपमा आफूहरूलाई सङ्गठित गरेका थिए। लेनिनको विचारलाई ग्रहण गर्दै नयाँ लेनिनवादी विचारको प्रारम्भ विश्व समाजवादी आन्दोलनमा बोल्सेभिकहरूले गरेका थिए। सन् १९१२ देखि १९१४ सम्ममा बोलसेभिकहरूले समाजवादी क्रान्तिको नयाँ चरणको सुरूवात गरेका थिए। यस समयमा बोल्सेभिकहरू विसर्जनवादी, बहिष्कारवादी र ट्राटस्कीपन्थीहरूलाई पराजित गर्दै समाजवादी क्रान्तिमा आफ्नो बैधानिक नेतृत्व र बैधानिक लेनिनवादी विचारलाई स्थापित गर्न सफल भएका थिए तामाङ, २०६९ : ८३–८४)। बोल्सेभिकहरूले मेन्सेभिकहरूलाई कारबाही गरी पार्टीबाट निष्काशित गरेका थिए। लेनिनको क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तन सम्बन्धी विचारधारा र समाजवादी क्रान्ति सम्बन्धीको अवधारणाहरूलाई नयाँ विचारधारा लेनिनवादी विचारधाराको निर्माण गरी विश्व राजनीतिमा लेनिनवादको निर्माण गरेका थिए। सन् १९१५ मा रूसभरि देशव्यापी रूपमा भएका मजदुर वर्गका आर्थिक आन्दोलनहरू क्रमिक रूपमा राजनीतिक आन्दोलनमा रूपान्तरित हुँदै गएका थिए। राजनीतिक आन्दोलनसँगै समाजवादी क्रान्तिलाई पूर्णता दिन मजदुर, किसान र सेनाका सोभियतहरू गठन गरिएका थिए। यसले फरबरी क्रान्तिका निम्ति आधार निर्माण गरेको थियो। सन् १९१६ मा आन्दोलन तिव्र गतिमा बढ्दै गएको थियो र देशैभरि समाजवादी क्रान्तिका आधारहरू निर्माण हुँदै गएका थिए। सन् १९१७ को सुरूवातबाटै राजनीतिक आन्दोलनको उभारले समाजवादी क्रान्तिका निम्ति बोल्सेभिकहरूले सहयोग र आधार पाउँदै गएका थिए जोशी, २०७८ : २५१–२५२)। लेनिन नेतृत्वको बोल्सेभिक पार्टीले मजदुर र किसानका राजनीतिक आन्दोलनका सहयोग पाएको थिए। जसका कारण देशैभरी समाजवादी क्रान्तिका निम्ति आधार निर्माण भएको थियो। बोल्सेभिकहरूले सर्वहारा तथा मजदुरवर्गको राजनीतिक आन्दोलनको सहयोगले समाजवादी क्रान्तिका लागि आधार पाउँदै गएका थिए।

## रूसमा सन् १९१७ को फेब्रुअरीदेखि अक्टोबरसम्म चलेको क्रान्तिको चरण

बोल्सेभिकहरूले दुमालाई समाजवादी क्रान्ति र प्रचारको रूपमा उपयोग गरेका थिए। उनीहरूले भ्पेर्द प्राब्दा) पत्रिकाको प्रकाशन गरी सर्वहारा तथा मजदुर वर्गलाई समाजवादी क्रान्तितर्फ प्रशिक्षित गराएका थिए। प्रथम विश्वयुद्धको समयदेखि नै समाजवादी अन्तराष्ट्रियतावाद र सर्वहारा तथा मजदुर वर्गको क्रान्तिप्रति प्रतिबद्ध रहेका बोल्सेभिकहरू नै रूसमा सन् १९१७ को अक्टोबर समाजवादी क्रान्ति गर्न सफल भएका थिए। सन् १९१७ को फेब्रुअरीदेखि अक्टोबरसम्म बोल्सेभिक पार्टीले सर्वहारा तथा मजदुर वर्गको बहुमत पुऱ्याउन, सोभियतहरूमा बहुमत स्थापित गर्न र निम्न पुँजीवादी मेन्सेभिक, अराजकतावादी र समाजवादी क्रान्तिकारीहरूको भण्डाफोर गर्न तथा जनताका माझमा उनीहरूलाई नङ्ग्याउन सफल भएको थियो तामाङ, २०६९ : ८४–८५)। लेनिनले भ्पेर्द प्राब्दा) पत्रिका मार्फत् क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनले प्रशिक्षित गरी सर्वहारा तथा मजदुर वर्गलाई समाजवादी क्रान्तिका निम्ति प्रशिक्षित गरेका थिए। जसका कारण २३ अक्टोबर, १९१७ मा समाजवादी क्रान्ति सम्पन्न भएको थियो। सोभियतहरूमा मेन्सेभिकहरूकै बाहुल्यता भएको हुँदा बोल्सेभिकहरूलाई लेनिनले भनेका थिए– "मेन्सेभिकहको पार्टीप्रतिको विश्वासघाती नीति तथा अवसरवादी चरित्रलाई जनतासामू उदाङ्गो र नाङ्गो बनाउनु, मेन्सेभिकहरूलाई सोभियतको समर्थनबाट वञ्चित गर्नु र सोभियतको बहुमतलाई आफ्नो पक्षमा पार्नु हाम्रो प्रमुख कार्य हो" साङ्कृत्यायन, २०७८: १५४)। लेनिनले समाजवादी क्रान्तिका निम्ति निरन्तर क्रान्तिकारी मार्क्सवादी चिन्तनधारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तन धाराबाट सर्वहारा तथा मजदुर वर्गलाई प्रशिक्षित गरी समाजवादी क्रान्तिका निम्ति तयार पारेका थिए। लेनिनले मेन्सेभिकका विरूद बोल्सेभिकहरूलाई प्रशिक्षित गरेका थिए।

## अप्रिल थेसिस र समाजवादी शासन व्यवस्थाको स्थापना

लेनिनले निर्वासनबाट रूसमा फर्किएपछि अप्रिल सम्मेलन गरेका थिए । उनले पुँजीवादी जनवादी क्रान्तिबाट समाजवादी क्रान्ति कसरी गर्न सकिन्छ भनी अप्रिल थेसिस तयार पारेका थिए (Nove, 1991 : 111) । उनले समाजवादी क्रान्तिका लागि अप्रिल थेसिस तयार पारेका थिए । उनले अप्रिल थेसिस लेखी रूसमा पूँजीवादी जनवादी क्रान्तिबाट समाजवादी क्रान्तितर्फ अग्रसर हुनुपर्ने भनी पुँजीपति वर्ग र यसको अस्थायी सरकार विरूद्ध सशस्त्र विद्रोह गर्न पार्टीलाई अनुमति दिएका थिए। लेनिनको नेतृत्वको बोल्सेभिक पाटीको सर्वहारा तथा मजदुर वर्गले सत्ता कब्जा गरी आफ्नो हातमा लिई सोभियतहरूको सत्ता समाजवादी व्यवस्थाका स्थापना गरेका थिए। सन् १९१७ मा लेनिनको नेतृत्वमा भएको अक्टोबर समाजवादी क्रान्तिले रूसमा समाजवादको स्थापना गरेको थियो। वुर्जुवा पुँजीवादलाई परास्त पारेको थियो र सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेको थियो तामाङ, २०६९ : ८५–८६)। लेनिन नेतृत्वको बोल्सेभिक पार्टीले रूसमा समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादको निर्माण गरेका थिए। लेनिनले आफ्नो नेतृत्वमा अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गरी विश्व राजनीतिक व्यवस्थामा नयाँ समाजवादी शासन व्यवस्था स्थापना गरेका थिए (Fraser, 2014 : 77-78) । लेनिन कै नेतृत्वमा विश्व राजनीतिक व्यवस्थामा नयाँ राजनीतिक व्यवस्था समाजवादी राजनीतिक व्यवस्था भएको थियो । विश्व समाजवादी क्रान्तिको इतिहासमा २३ अक्टोबर, १९१७ मा लेनिनको नेतृत्वमा रूसमा पहिलो पटक समाजवादी क्रान्ति सम्पन्न भएको थियो । यसले नयाँ समाजवादी सामाजिक व्यवस्थाको थालनी गर्दै समाजवादी शासन व्यवस्थाको नयाँ युगको शुरूवात गरेको थियो । यसले विश्वभरी नै आजसम्म राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक चिन्तन तथा क्षेत्रमा महत्वपूर्ण प्रभाव पारेको छ। यस क्रान्तिले २०० वर्ष भन्दा धेरै लामो विरासत बोकेको पुँजीवादी राजनीतिक व्यवस्थाको विकल्प र विरूद्धमा नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्न सकिन्छ भन्ने महत्वपूर्ण सन्देश दिएको छ जोशी, २०७८ : २६८–२६९)। २३ अक्टोबर, १९१७ मा लेनिनको नेतृत्वमा विश्व राजनीतिक इतिहासमा पहिलो पटक रूसमा समाजवादी क्रान्ति सम्पन्न भएको थियो। यस समाजवादी क्रान्तिले विश्व राजनीतिमा नै प्रभाव पारेको थियो । यसको प्रभावबाट विश्वका कुनै पनि मुलुक अछुतो रहन सकेका थिएनन् । यसरी पेरिस कम्युनपछि अक्टोबर समाजवादी क्रान्ति विश्व समाजवादी क्रान्तिको इतिहासमा अर्को समाजवादी क्रान्तिको रूपमा दर्ज भएको छ। आज हामीले विश्व समाजवादी आन्दोलनको इतिहास पढ्दा अक्टोवर समाजवादी क्रान्ति महत्वका साथ पढ्ने गर्छौं।

## निष्कर्ष

यस आलेखमा विश्व समाजवादी क्रान्तिको इतिहासमा लिखित दुई क्रान्ति : पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्तिको अध्ययन गर्दा विश्व राजनीतिमा समाजवाद र समाजवादी क्रान्तिको उद्भव, विकास र प्रभावलाई राम्रोसँग बुझ्न सकिन्छ । पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति यी दुई क्रान्तिले विश्व राजनीतिमा स्थापित गरेका समाजवादी व्यवस्थाले विश्व राजनीतिमा पारेको प्रभाव र गरेका परिवर्तनलाई स्पष्टसँग बुझ्न सकिन्छ । यस आलेखले विश्व राजनीतिमा सम्पन्न भएका दुई समाजवादी क्रान्ति पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति कसरी सम्पन्न भएका थिए र यी क्रान्तिका उपलब्धि के थिए भन्ने कुराका ज्ञान दिन्छ। विश्व समाजवादी आन्दोलनमा आफ्नो अनुपम गौरवशाली स्थान राख्न सफल पेरिस कम्युन र अक्टोबर समाजवादी क्रान्ति मानव सभ्यताको इतिहासमा भएको महत्वपूर्ण क्रान्ति थियो। यी दुई क्रान्तिले विश्व राजाीनितिक जगतमा नयाँ आयाम थपिदिएका थिए। आज सर्वहारा तथा मजदुरवर्ग र दलित, उत्पीडित, उपेक्षित, अल्पसंख्यक, सिमान्तकृत र पिछडावर्गको न्यायको संरक्षण गर्ने क्रान्तिको रूपमा समाजवादी क्रान्तिलाई चिनिन्छ। विश्व राजनीतिमा न्याय, समानता र समाज कल्याणको पक्षमा महत्वपूर्ण योगदान दिन सफल यी दुई समाजवादी क्रान्ति उदाहरणीय, विचारणीय र मननयोग्य क्रान्तिको रूपमा अध्ययन गर्ने गरिन्छ।

१८ मार्च, १८७१ मा स्थापित भएको पेरिस कम्युन त्यहाँका विद्रोही सर्वसाधारण जनताले विद्रोह गरी स्थापना गरेका थिए भने २३ अक्टोबर, १९१७ मा लेनिनको नेतृत्वको बोल्सेभिक पार्टीले समाजवादी क्रान्ति गरी रूसमा समाजवादी राजनीतिक व्यवस्थाको स्थापना गरेको थियो। यी दुई समाजवादी क्रान्ति विश्व। क्रान्ति समाजवादी आन्दोलन र र क्रान्तिको इतिहासमा स्वर्णिम अक्षरले लेखिएको छ। यी दुई क्रान्तिले विश्व समाजवादी आन्दोलनलाई नयाँ दिशा र आयाम दिएको थियो । यी दुई क्रान्तिको प्रेरणा र प्रभावले विश्व राजनीति नै अछुतो

रहेको थिएन र विश्वमा कतै समाजवादी क्रान्ति तथा कतै वुर्जुवा पुँजीवादी क्रान्ति सम्पन्न भएको थियो।

## सन्दर्भसामाग्री


खतिवडा, डम्बर, २०७४), समाजवादको यात्रा : युटोपियादेखि चौथो आयामसम्म, काठमाण्डौँ साङग्रिला, पुस्तक प्रा. लि.।

जोशी, चन्द्रदेव, २०७८), मार्क्सवाद र विश्व–कम्युनिस्ट आन्दोलन, काठमाण्डौँ : इन्डिगो इन्क प्रा. लि.।

तामाङ, सीताराम, २०६९), विश्व कम्युनिस्ट आन्दोलन, काठमाण्डौँ : मूल्याङ्कन प्रकाशन गृह।

भण्डारी, शशिधर, २०७४), विश्व कम्युनिस्ट आन्दोलनको इतिहास खण्ड–१), संस्करण दोश्रो), प्रकाशक : मनोज जिसी।

मार्क्स, एंगेल्स, २०६३), अनुवादक, राजेन्द्र मास्के), मार्क्स, एंगेल्स : पेरिस कम्युन, काठमाण्डौँ : विवेक सिर्जनशिल प्रकाशन प्रा. लि.।

लेनिन, ब्लाइ., १९७८), अनुवादक, सुरेन्द्र कुमार, ट्रेड–युनियने : भाषण और लेख, हिन्दी संस्करण, मास्को : प्रगति प्रकाशन।

साङ्कृत्यायन, राहुल, २०७८), अनुवादक : मीनराज वसन्त, लेनिन जीवनी, काठमाण्डौ : बिएन पुस्तक संसार प्रा. लि.।

Barry, B. (2005). *Why social justice matters*. Cambridge: Polity.

Elster, J. & Moene, K. O. (eds. ). 1989. *Alternatives to capitalism*. Cambridge: Cambridge University Press.

Fraser, N. (2014). Behind Marx's hidden abode: For an expanded conception of capitalism. *New Left Review*, *86* (Mar/Apr), pp. 55–72.

Gilabert, P. (2015). The socialist principle "from each according to their abilities, to each according to their needs". *Journal of Social Philosophy, 46*(2), pp. 197–225.

Nove, A. (1991). *The economics of feasible socialism revisited*. London: Harper Collins.

Pipes, R. (2003). *Communism* : A history.Random house publishing.

Priestland, D. (2010). *The red flag: A history of communism*. New York: Grove Press.

Service, R. (2007). *Comrades : A hisotry of World Communism*. Cambridge, Maschusetts : Harvard University Press.